नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०८९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या :-०७७/७८ मितिः- २०७७/०४/३२
च.नं. :-

## निषेधाज्ञा अवधि थप गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना

यस कार्यालयको मिति २०७७/०४/२६ गतेको निषेधाज्ञा जारी सम्बन्धी सूचनाबाट मिति २०७७/०४/२६ गते राती १२:०० बजेदेखि मिति २०७७/०४/३२ गते राती १२:०० बजेसम्मको लागि निषेधाज्ञा जारी गरिएकोमा हालसम्म पनि कोभिड-१९ को संक्रमितहरूको संख्या बढ्दै गइरहेको र संक्रमण विस्तार हुनसक्ने सम्भावना समेत उच्च रहेकोले आज मिति २०७७-०४-३२ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठकको सिफारिस एवं आजै मिति २०७७-०४-३२ गते बसेको जिल्ला सुरक्षा समितिको बैठकको निर्णय समेतको आधारमा उक्त निषेधाज्ञालाई मिति २०७७/०४/३२ गते राती १२:०० बजेदेखि मिति २०७७/०५/०९ गते राती १२:०० बजेसम्मलाई निरन्तरता दिइएको छ । यस आदेशको बर्खिलाप भए, गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**निषेधाज्ञा कायम रहेको क्षेत्र:-**

(क) हेटौडा उपमहानगरपालिकाको सम्पूर्ण क्षेत्र,

(ख) मनहरी गाउँपालिकाको पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) को दाँया/बाँया ५००/५०० मिटरको क्षेत्र ।

**निषेधाज्ञा कायम रहेका क्षेत्रमा देहायका कार्यहरू गर्न, गराउन रोक लगाउने:-**

(क) औषधी उपचार र खाद्य वस्तु खरिद बाहेक कुनै पनि व्यक्ति घर बाहिर निस्किन,

(ख) एम्बुलेन्स, बिरामी बोकेका गाडी, खाद्य वस्तु, तरकारी, दूध, खानेपानी, पेट्रोलियम पदार्थ बोक्ने टयाङ्कर, शव वाहन, फोहोर व्यवस्थापन गर्ने गाडी, पशुपंक्षीका दाना बोक्ने गाडी, सञ्चारकर्मी, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन र जिल्ला प्रशासन कार्यालयहरूबाट अनुमति प्राप्त सवारी साधन बाहेक कुनै पनि प्रकारका सार्वजनिक वा निजी यात्रुवाहक सवारी साधनहरू (मोटरसाइकल समेत) सञ्चालन गर्न,

(ग) अत्यावश्यक उपभोग्य वस्तु विक्री गर्ने खाद्यान्न पसल, पेट्रोल पम्प, ग्याँस डिपो, औषधी पसल बाहेक सम्पूर्ण पसल, उद्योग, व्यवसाय सञ्चालन गर्न (तर खाद्यान्न पसल विहानको समयमा ५:०० देखि ८:०० बजेसम्म मात्र खोल्न पाइने),

(घ) स्वास्थ्य संस्था र अत्यावश्यक सेवाका कार्यालयहरू बाहेक सबै सरकारी तथा निजी कार्यालयहरू, गैरसरकारी, बैंक तथा वित्तीय संस्थाहरू एवं सहकारीबाट प्रदान गरिने जनसम्पर्क हुने नियमित सेवा सञ्चालन गर्न,

(ङ) धार्मिक, सांस्कृतिक, सामाजिक (विवाह, व्रतबन्ध) लगायत कुनै प्रकारको जमघट तथा भेला हुने सबै प्रकारका क्रियाकलापहरू सञ्चालन गर्न ।

**पुनश्च:-**

(क) निषेधित क्षेत्र बाहेक जिल्लाको सम्पूर्ण भागमा धार्मिक, सांस्कृतिक, सामाजिक (विवाह, व्रतबन्ध) लगायत कुनै प्रकारको जमघट तथा भेला हुने सबै प्रकारका क्रियाकलापहरू सञ्चालन नगर्ने, नगराउने,

(ख) जिल्लाका सबै नाकाहरूबाट माथि उल्लेखित अत्यावश्यक सेवाका सवारी साधन, एम्बुलेन्स र जिल्ला प्रशासन कार्यालयहरूबाट अनुमति प्राप्त सवारी साधन बाहेक सम्पूर्ण सवारी साधन तथा पैदल आवतजावतमा पूर्णरूपमा रोक लगाउने ।

(ग) नेपाल सरकारद्वारा लागू गरिएको स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू अनिवार्यरूपमा पालना हुने गरी उद्योग परिसरभित्रै वा निश्चित स्थानमा क्वारेन्टिनको व्यवस्था गरी सम्पूर्ण कर्मचारी तथा कामदारहरू रहने तथा उद्योग परिसर र क्वारेन्टिन क्षेत्र बाहिर आवतजावत नहुने सुनिश्चत गरी मात्र उद्योग सञ्चालन गर्न सकिने ।

(घ) यस जिल्लाभित्र पर्ने पूर्व-पश्चिम (महेन्द्र) राजमार्ग लगायत अन्य मूल सडकमार्गमा मालवाहक ढुवानीका साधनहरू सञ्चालन गर्न सकिने ।

०७७।४।३२
दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी